ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ५, अंक ३०१

२६ साउन २०७९ बिहिबार

11 Aug 2022, Thursday

www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# मुख्यमन्त्री कार्यालयमा १४ हजार साईकल खरिदको अर्को फाइलमाथि पनि अख्तियारद्वारा छानबिन



**खबर दर्पण समाचारदाता**

**साउन २५ गते, जनकपुर**

मधेश सरकारले पहिलो चरणमा छोरीलाई बाँड्न खरिद गरेको साईकलको पनि अख्तियारले छानवीन सुरु गरेको छ ।

दोस्रो चरणमा भएको साईकल खरिदमा व्यापक भ्रष्टाचार भएको ठहर गरेपछि अखितयारले पहिलो चरणको पनि छानबिन सुरु गरेको हो ।

पहिलो चरणमा भएको १४ हजार साईकल खरिदको फाइल अख्तियारले पत्र लेखेर माग गरेको मुख्यमन्त्री कार्यालय स्रोतले जनाएको छ ।

'पहिलो चरणमा भएको १४ हजार साईकल खरिदको फाइल पनि अख्तियारले मागेको पत्र आएको छ' एक कर्मचारीले भने ।

अख्तियारका प्रवक्ता श्याम प्रसाद भण्डारीले मुख्यमन्त्री कार्यालयमा पत्र गएको भए अनुसन्धान सुरु भएको हुन सक्ने बताए ।

'सम्बन्धि विभागबाट अनुसन्धान हुन्छ । पत्र गएको छ भने अनुसन्धान भएको हुन सक्छ' प्रवक्ता भण्डारीले भने ।

'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ' कार्यक्रम अन्तर्गत दोस्रो चरणमा ब्राण्ड बाहिरको १७ हजार साईकल खरिदमा १० करोड ३३ लाख रुपैयाँ भ्रष्टाचार भएको अख्तियारले ठहर गरिसकेको छ ।

एकसाता अघि अखितयारले तत्कालीन प्रदेश सचिव अख्तियारले प्रदेश सचिव यामप्रसाद भुसाल, चिफ डिभिजनल इन्जिनियर भगवान झा, सहलेखापाल राजाराम मण्डल, भण्डार शाखा प्रमुख स्वार्थ महतो, भण्डार शाखाका खरिदार मोहनकुमार दास, ओम सत्य साई प्रालिका प्रबन्ध निर्देशक रेनु अग्रवाल, अधिकृत आठौं तहका सुरेन्द्रकुमार कर्ण र उपसचिव दिलीपकुमार प्रधानविरुद्ध मुद्दा दायर गरेको थियो ।

पहिलो चरणमा २०७५र०७६ मा मुख्यमन्त्री कार्यालयले दुई पटक १४ हजार साईकल खरिद गरेको थियो । दोस्रो चरणमा २०७६र०७७ मा १७ हजार साइकल खरिद गरेपछि अख्तियारमा उजुरी परेको थियो । सो उजुरीको आधारमा एक वर्ष अघि अखितयारले मुख्यमन्त्री कार्यालयमा छापामारी गरि दोस्रो चरणमा भएको साईकल खरिदको सम्पूर्ण कागजात नियन्त्रणमा लिई अनुसन्धान सुरु गरेको थियो ।

१७ हजार साईकल खरिदमा मुख्यमन्त्री लालबाबु राउत, प्रमुख सचिवको संलग्नता नपाइएको भन्दै अख्तियारले मुद्दा चलाएको छैन । मुख्यमन्त्री राउतकै सेटिङ्ममा उनकै चिनजानको कम्पनीसंग साईकल खरिद भएको तर उनलाई र प्रमुख सचिवलाई उन्मुक्ति दिएको भन्दै अख्तियारको आलोचना भइरहेको छ ।

अख्तियारको बयानमा मुख्यमन्त्री राउतले साईकल खरिदमा आफ्नो कुनै संलग्नता नरहेको दावी गरेका छन् । खरिद प्रकृयामा कुनै कागजातमा मुख्यमन्त्री राउतको हस्ताक्षर नभएकाले उनी उन्मुक्ति पाएका हुन् ।

मुद्दा दायर भएका कर्मचारीहरुले मुख्यमन्त्री लालबाबु राउतको मौखिक आदेशमा, दबाबमा साईकल खरिद गरिएको अख्तियारमा बयान दिएका छन् । कर्मचारीहरुको बयानले पनि मुख्यमन्त्री राउतमाथि अनुसन्धान गर्न अख्तियारलाई दबाब परेको बुझिएको छ ।

२०७५र०७६ मा १४ हजार साईकल खरिद हुँदा मुख्यमन्त्री कार्यालयका तत्कालीन प्रमुख सचिव दीपक सुवेदी थिए । पहिलो चरणमा साईकल खरिद निर्णय प्रकृयामा मुख्यमन्त्री र सचिवको हस्ताक्षर हुन सक्ने अनुमानसहित अख्तियारले चासो लिएको हुन सक्ने त्यहाँ कार्यरत एक कर्मचारीले बताए ।

पहिलो चरणको साईकल खरिदमा उनको संलग्नता हुन सक्ने भएकाले अख्तियारको नजर त्यता सोझिएको हुन सक्ने आकलन गरिएको छ ।

पहिलो चरणमा १४ हजार भएको प्रतिसाइकल खिरदमा ६ हजार ४३२ रुपैयाँ मूल्य परेको थियो । दोस्रो पटकमा १७ हजार साईकल खरिदमा ८ हजार ४४६ रुपैयाँ भुक्तानी भएको थियो ।

## राष्ट्रपति भण्डारीले नागरिकता विधेयक रोकेकोप्रति प्रचण्डको असन्तुष्टि



**काठमाडौं** / राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयक प्रमाणीकरणमा ढिला गरेकोप्रति नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले असन्तुष्टि जनाएका छन् ।

जापानको पाँच दिने भ्रमण सकाएर स्वदेश फर्कने क्रममा बुधबार दिउँसो त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारसँग कुरा गर्दै प्रचण्डले राष्ट्रपतिप्रति असन्तुष्टि जनाएका हुन्।

'राष्ट्रपतिले नागरिकता विधेयक रोक्नुहुन्न भन्ने छ, तर प्रमाणीकरणको लागि ढिला गर्नु हुँदैनथ्यो, ढिला गर्नुभयो', उनले भने ।

संविधानको धारा ११३ मा राष्ट्रपतिले विधेयक प्राप्त भएको १५ दिनभित्र कि प्रमाणीकरण गर्ने कि पुनर्विचारका लागि सरकारलाई फिर्ता पठाउने व्यवस्था छ।


## गौशालाको औषधि पसलमा अनुगमन, व्यवसायीको भागाभाग, तीन वटा पसल सिल

**खबर दर्पण समाचारदाता**

**साउन २५ गते, गौशाला**

महोत्तरीमा औषधि व्यवस्था विभागले अनुगमन थालेपछि औषधि व्यवसायीहरुको भागाभाग भएको छ ।बुधबार बिहान ११ बजेदेखि औषधि व्यवस्था विभाग शाखा कार्यालय वीरगञ्जको टोलिले नियमित अनुगमन थालेपछि दर्ता बिना संचालनमा रहेको औषधि पसल संचालकको भागाभाग भएको हो ।

महोत्तरीको गौशाला नगरपालिकामा वर्षौदेखि आधा भन्दा बढी औषधि पसल दर्ता बिना अवैध रुपले संचालनमा रहेको छ ।त्यस्ता थुप्रै औषधि पसल संचालकले अनुगमनको बेला बन्द गरेर भाग्ने गरेका छन् । आज पनि अनुगमन सुरु भएपछि थुप्रै औषधि व्यवसायी पसल बन्द गरेर फरार भएका हुन् । अनुगमनको क्रममा विभागले



बिना दर्ता संचालनमा रहेको तीनवटा औषधि पसलमा शिलबन्दी गरेको छ ।

विभागका वीरगञ्ज फार्मेसी शाखा प्रमुख मुकेन्द्र पजियारका अनुसार गौशाला नगरपालिका ५ स्थित रहेको प्राथमिक स्वास्थ केन्द्र अगाडिमा संचालित उमेश सर्जिकल क्लिनिक,दिनेश सर्जिकल क्लिनिक र रिद्धि-सिद्धि सर्जिकल क्लिनिक संचालित औषधि पसल सिल गरिएको हो ।

तीनवटै औषधि पसल दर्ता नगरी अवैध रुपमा संचालनमा रहेकाले सिल गरिएको शाखा प्रमुख पजियारले बताए ।

महोत्तरीमा वर्षौदेखि संचालित अवैध औषधि पसल अनुगमनका बेला बन्द हुने र अन्य दिनमा खुलेआम संचालनमा रहेपनि सम्बन्धित निकाय मुकदर्शक बनेको छ ।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमयच को व्यवस्था ।

सम्पादकीय

# आदिवासी जनजातिका कानूनी अधिकार

सन् १९४५ मा दोस्रो विश्वयुद्ध अन्त्य हुँदा संयुक्त राष्ट्र संघ जस्तो अन्तरराष्ट्रिय संस्था जन्मियो । विश्व शान्ति र भाइचाराको उद्देश्यका साथ स्थापना भएको राष्ट्र संघको वडापत्रले मानिसको मानवअधिकार सुनिश्चित गर्न मानवअधिकारको घोषणपत्र जारी गर्ने प्रतिवद्धता जनायो । सोहीअनुरुप १० डिसेम्बर १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणपत्र, १९४८ जारी गरियो । घोषणापत्रको प्रस्तावनामा नै भनियो, 'यदि जनताले विद्रोहबाहेक कुनै उपाय छैन भन्ने नसोचुन् भन्ने हो भने सदस्य राष्ट्रहरुले मानवअधिकारको कानूनी व्यवस्था गर्न आवश्यक छ ।'

मानवअधिकारको घोषणापत्रले हरेक मानिस स्वतन्त्रता तथा सम्मान र अधिकारका दृष्टिले समान छन् भन्ने विश्वव्यापी अवधारणालाई मूर्तरुप दियो । घोषणापत्र आएको अठार वर्षपछि राष्ट्र संघले मानवअधिकारलाई संस्थागत गर्न दुई महत्वपूर्ण नागरिक तथा राजनैतिक अधिकार सम्बन्धि प्रतिज्ञापत्र, १९६६ र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धि प्रतिज्ञापत्र १९६६, पारित गर्यो । यसमा नागरिकका राजनैतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सूचीको परिभाषा गर्यो । यी दुवै प्रतिज्ञापत्रमा नागरिकलाई आत्मनिर्णयको अधिकारसमेत दिएको छ । जातीय विभेद विरुद्धको महासन्धि १९७९ मा पनि जातीय विभेद विरुद्धको अधिकार सुनिश्चित गरिएको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं १६९ ले आदिवासी जाजाति अधिकारसम्बन्धि अधिकार सुनिश्चित गरिएको छ । महासन्धिले आदिवासीको परिभाषामा भनेको छ, 'स्वतन्त्र देशहरूका ती आदिवासी जनजातिमा लागू हुन्छ, जसको सामाजिक, साँस्कृतिक र आर्थिक अवस्थाले उनीहरूलाई ती देशका अन्य राष्ट्रिय समुदायहरूभन्दा पृथक देखाउँछ र जसको अवस्था पूर्ण वा आंशिक रूपमा आफ्नै रीतिरिवाज वा परम्परा वा विशेष कानुन वा नियमहरूद्वारा सञ्चालित हुन्छ ।'

यसै गरी महासन्धिको अनुच्छेद-३ मा आदिवासी जनजातिहरूले पूर्ण मानव अधिकार र मौलिक स्वतन्त्रता निर्वाध रूपमा र बिना भेदभाव उपभोग गर्नेछन् । यस 'महासन्धि' का प्रावधानहरू यी समुदायका महिला र पुरूष सदस्यहरूमा बिना कुनै भेदभाव लागू हुने ग्यारन्टी गरेको छ ।

# मिटरब्याज आतंक : ६ लाख ऋण लिएर २२ लाख तिरे, थप २९ लाख मागेपछि हर्ट अट्याकबाट मृत्यु

**खबर दर्पण समाचारदाता**
**साउन २५ गते, महेन्द्रनगर**

सुदखोरको अत्याचारपछि श्रीमान् बिते। २५ वर्षका छोरा अरबमा काम खोजिरहेका छन्। ९ दिनअघि मिटरब्याजीबाट पीडितहरुको भीडमा मिसिएर उनी आफू सात दिनदेखि निरन्तर माइतीघरबाट न्यायको गुहार मागिरहेकी छन्।

नवपरासी सुस्तापूर्व प्रतापपुरका सफरल्लाह मियाँकी माइली छोरीको बिहे पक्का भयो। खेती किसानीबाट राम्रै आम्दानी हुने गर पनि बिहेका लागि खर्च नपुग्ने भयो। बिहेका लागि जगदीश कानु (बानियाँ) सँग ६ लाख ऋण मागे र धुमधामसँग छोरीको बिहे गराए। त्यही दिनदेखि उनको जिन्दगीको धागो विस्तारै उधिनिँदै गयो।

खेती-किसानी परिवारको जिम्मामा छाडेर सफरल्लाह आफू विदेश पनि गए। तर विदेशमा राम्रो कमाइ हुन नसकेपछि पुनः घरै फर्किएर कृषिमै नङ्गा खियाउन थाले। ऋण लिएको ९ वर्षपछि गत वैशाखमा उनी साहुकहाँ पुगे। यतिन्जेल उनले केरा र उखुसहित अन्य खेतीबाट जगदीशलाई २२ लाख रुपैयाँ बुझाइसकेका थिए। उनी ऋणमुक्त भइसकेकोमा ढुक्क थिए। लामो समयदेखि थाप्लोमा बोकेको ऋण उत्रिएर टाउको हलुंगो हुने सोचमा उनी थिए। तर यसो भएन। जब उनी साहुकहाँ पुगे, छाँगाबाट खसेजस्तो भए। जग्गाको मूल्यांकनका लागि भन्दै जगदीशले बनाएको १४ लाखको ऋणको कागजको अलावा उनको नाममा ऋणका चार कागज बनेका थिए। उनका अगाडि थिए तीनटा नयाँ साहु राजेन्द्रप्रसाद गुप्ता (बानियाँ), सुनिलकुमार गुप्ता (बानियाँ) र बैजनाथ दुबे।

२०७० वैशाख २२ गते जगदीशसँग ६ लाख ऋण लिँदा बनेको १४ लाख कागजमा उनको ८ कठ्ठा १२ धुर जग्गा दृष्टिबन्धकमा थियो। उनलाई आफ्ना साहु भनेर थाहै नभएका सुनिलकुमार र राजेन्द्रप्रसादसँग ८-८ लाख ऋणको कागज र दुवैसँग गरेर १७ कठ्ठा ४ धुर जग्गा दृष्टिबन्धकमा थियो। यी दुई साहुको नाममा सफरल्लाहले ऋण लिएको भन्दा अघिल्लो वर्ष २०६९ साउन र पुसमा कागज बनेको थियो। चौथा साहु बैजनाथ दुबेबाट पनि उनले ३ लाख ऋण लिएको कागज बनेको थियो, जसमा उनको १ कठ्ठा जग्गा दृष्टिबन्धकमा थियो। धूर्त साहुले एकै दिन फरक मिति र खेर बनाएका ती कागजअनुसार फरक-फरक समयमा पैसा लिएको पनि कागज बनाएका थिए।

यसरी उनले लिएको ६ लाख ऋणको साउँ मात्रै बढेर २९ लाख पुगिसकेको थियो। दृष्टिबन्धकमा रहेको जग्गा फुकुवाका लागि पुगेका सफरल्लाह मियालाई साहुले खाता पल्टाउँदै धम्कीपूर्ण भाषामा भने, 'तैंले अझै २९ लाख बुझाउन बाँकी छ। कहिले तिर्ने हो?'

जीवनको ऊर्जाशील समय साहुको ऋण तिर्दै बिताएका उनलाई साहुको उक्त बचनले नराम्रोसँग पोल्यो। ऋणको भारी देखेर अचानक हृदयाघात भयो र उनी अस्पताल भर्ना भए।

प्रतापपुर अस्पतालले बुटवल रेफर गर्यो। बुबालाई लिएर जेठा छोरा रिजमान बुटवल पुगे। रिजमानको हात समातेर सफरल्लाहले भने, 'सबै घरखेत गयो, कत्ति जग्गा फिर्ता आउँदैन रे, घरखेत गयो, कहाँ जाने के खाने? बास उठ्यो।' यति भनेर सफरल्लाहले देह त्यागे। रिजमान घर फर्किए। 'रातभरि र गत छाद्यो, बुवाको खबर सोध्दा उपचार भइरहेछ भन्यो। अरु केही बोलेन। उसको शरीर कम्पमान थियो,' माइतीघरमा न्यायका लागि आन्दोलन गरिरहेकी सफरल्लाहकी श्रीमती खुश्बुना नेशाले दुःखको



फेहरिस्त सुनाउँदै भनिन्, 'अर्को दिन कान्छो छोरो अब्दुललाई पठाउँदा मात्रै उहाँको मृत्यु भएको थाहा पायौँ। मलाई केही हुने हो कि भनेर रिजमानले कुरा लुकाएको र हेछ।'

यतिमै सकिँदैन उनको दुःखको कहानी। बुबा बितेको एक महिना नपुग्दै घरको दैनिकी धान्न अरब उडेका रिजमानले उता अझै काम पाएका छैनन्। ७ दिनदेखि आफू जस्तै अनुहारहरुको भीडमा उभिएर खुश्बुना न्याय पाउने आशमा तीन छोराछोरीलाई घरमा एक्लै छाडेर माइतीघरमा आन्दोलनरत छिन्। 'साहुको अत्याचारले श्रीमान् बित्नुभयो।

आम्दानीको स्रोत केही छैन। उता कमाउन गएको छोरो पनि काम नपाएर दुःखमा छ,' भक्कानिँदै उनले भनिन्, 'हामी सामान्य मान्छेलाई त कसैले नहेर्दो रहेछ।' प्रशासन, स्थानीय नेता, आफ्नो क्षेत्रको प्रतिनिधित्व गरेर आएका सांसद कसैबाट पनि सहयोग नपाएको बताउँदै उनले भनिन्, 'सबै नेता घूस खान्छन्, दलाल छन्। हामीलाई कसले हेर्छ?'

दुई चरणमा माइतीघर आन्दोलनमा जोडिएका १३५ पीडित परिवारसँगै न्यायका लागि संघर्ष गरिरहेकी उनी व्यवस्थाप्रति आजित छिन्। सांसद हृदयेश त्रिपाठी, २०७० मा कांग्रेसबाट संविधानसभा सदस्य बनेका सन्तु भनिने देवनारायण कलवारलगायत नेताहरुको संरक्षणमा साहुहरुले मिटरब्याज धन्दा गरिरहेको उनीहरुको आरोप छ।

खुश्बुनासहित माइतीघरमा आन्दोलन गरिरहेका पीडितहरुको एउटै आवाज छ- मिटर ब्याज, दृष्टिबन्धक र छिनुवा पासबाट पीडितलाई न्याय दिन उच्चस्तरीय समिति गठन गर्नुपर्छ, पीडितको जमिनको दृष्टिबन्धक फुकुवा गरी तमसुक च्यात्नुपर्र्छ, छिनुवा पास गरेका जग्गा फिर्ता गर्नुपर्छ, ऋणभन्दा बढी लिएको पैसा साहुले फिर्ता गर्नुपर्छ र सुदखोर साहुहरुको सीआईबीले सम्पत्ति छानबिन गर्नुपर्छ।

गत असारमा पनि न्यायका लागि काठमाडौं आएका उनीहरु गृह मन्त्रालयको आश्वासनपछि घर फर्किएका थिए। तर उल्टै प्रशासनले पीडितलाई नै दुःख दिएको भन्दै उनीहरु पुनः काठमाडौं आएका हुन्।

न्यायका लागि आन्दोलन गरिरहेको सातौं दिन प्रधानमन्त्री शेरबहादुर देउवाको निर्देशनमा गृह मन्त्रालयले छलफलमा डाकेको छ। गृहको निर्देशनमा पीडित परिवारका केही प्रतिनिधिलाई राखेर सीआईबीले छलफल गरिरहेको मिटरब्याजी पीडित तथा ठगीविरुद्धको संघर्ष समितिका अध्यक्ष रामसुरत गुप्ताले जानकारी दिए।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# गणेशमान चारनाथ नगरपालिकाको शिक्षा क्षेत्रमा व्यापक सुधार भएको छ : मेयर जितनारायण यादव (अन्तर्वार्ता)

*धनुषाको गणेशमान चारनाथ नगरपालिकामा 'निक शिक्षा दिअ' परियोजनाले कस्तो कार्य गरेको छ, शिक्षा क्षेत्रको विकासमा नगरपालिका कहाँ पुगेको छ भन्ने विषयमा केन्द्रीत भएर हामीले नगर प्रमुख जितनारायण यादवसँग कुराकानी गरेको छौं । प्रस्तुत छ, उहाँसँग गरिएको अन्तर्वार्ताको सम्पादित अंश ।*

**मेयर साहव सञ्चै हुनुहुन्छ ? मेयरमा निर्वाचित भएर आएपछि अहिले के गर्दै हुनुहुन्छ ?**

हो, म सञ्चै छु , नगर प्रमुखमा निर्वाचित भएर आएपछि जनताको सेवामा अचेल व्यस्त भएछु, चुनाव जितेर आएपछि त फुर्सदै हुँदैन्, नगरको शिक्षा, स्वास्थ, सरसफाइ, खानेपानी, अन्य विकासका कार्यहरुमा अचेल दिनचर्या व्यतित हुँदै छ। जनताले मत दिएर सेवा र विकासको लागि जिताएको छ, जनताकै सेवामा लागेको छु ।

**अनि, नगर प्रमुखको रुपमा निर्वाचित भएर आएपछि यहाँले नगरपालिकाको विकासको लागि कुन क्षेत्रलाई बढी प्राथमिकतामा राख्नु भएको छ ?**

हेर्नुस्, विकास गर्ने कुरा कुनै जादुको छडी चलाएर गर्ने कुरा हुँदैन् । मानिसको ईच्छा, आंकाक्षा, आवश्यता र विकास भन्ने गर्ने कुरा कहिल्यै पनि पुरा हुँदैन, आज यो गर्यो, भोली यो गर्नु छ, विस्तारै गर्दै जाने हो । अब जहाँसम्म कुरा हो, म निर्वाचित भएर आएछु, जनताले मलाई नगरको विकास र जनतामुखी कार्यको लागि मत दिनु भएको हो, पक्कै पनि म जनतालाई आफ्नो कार्यकालमा जनतामुखी कार्य गरेर जनताको सेवा नै गर्नेछु कुरामा म विश्वस्त छु। अब रहियो कुरा प्राथमिकताको । त सबै कार्य प्राथमिकतामा नै राखेर अघि बढ्दै छु, अहिले त निर्वाचित भएको पनि धेरै दिन भएछैन्, भर्खर दुई अढाई महिना हुँदैछ, गर्ने कामकुरो धेरै छन् । तर भन्नै पर्दा हाम्रो नगरपालिका मात्रै होइन मधेश प्रदेश नै शिक्षामा निकै पछि परेको छ । त्यसैले मैले अहिले बढी शिक्षाको क्षेत्रमा फोकस गरेको छु । किनभने शिक्षा विना केही पनि सम्भव छैन्, जनता शिक्षित नभए विकासको के काम हुन्छ । जनता जागरुक हुनु पर्यो, शिक्षित हुनु परियो, हरेक नागरिकले शिक्षा पाउनु पर्यो, विकासको जग नै गुणस्तरीय शिक्षा हो, अहिले त्यसमै बढी केन्द्रीत भएको छु ।

यहाँले भन्नु भो, शिक्षा क्षेत्रमा बढी फोकस गरेर अहिले कार्य गर्दै छु, गुणस्तरीय शिक्षाको लागि फोकस गरेछु, के के गर्दै हुनुहुन्छ त ?

हो, म अहिले बढी जसो कार्य शिक्षा र शैक्षिक क्षेत्रको विकासको लागि गर्दै छु, हाम्रो नगरपालिकाको शिक्षाको अवस्थामा समग्रमा सुधार ल्याउन र भएको सुधारका कार्यलाई कसरी टिकाउने, दिगो बनाउने हो, त्यसको लागि निक शिक्षा दिअ परियोजना चल्दै छ, त्यो परियोजनालाई अगामी दिनमा पनि कसरी संचालन गर्ने र अहिले शिक्षा क्षेत्रमा भएको उपलब्धीहरुलाई संस्थागत गरी टिकाइ राख्नको लागि गर्नुपर्ने कार्यको योजना र छलफल लगायतको कार्य साझेदार निकाय, दातृ निकाय, संघसंस्था, शिक्षाप्रेमी, विद्वानहरुसँग समन्वय गरेर अगाडी बढ्दै छु ।

**के हो, निक शिक्षा दिअ परियोजना, कसरी संचालन गर्नुभएछ ?**

अँ, यो निक शिक्षा दिअ परियोजना गणेशमान चारनाथ नगरपालिकाका र आसमान नेपाल धनुषाको सहयकार्यमा विगत केही वर्षदेखि चल्दै आएको शिक्षा परियोजना हो । यो नगरपालिकाको सहकार्यमा आसमान नेपालले पालिकाको सबै सामुदायिक विद्यालय र मदरसमा संचालन भईरहेको छ । । खासमा विद्यालय बाहिर रहेका समुदायका बालबालिकाहरुलाई विद्यालयमा ल्याउने, बालबालिकाहरुलाई दिवाको समयमा विद्यालयमा टिकाउने, विद्यालय पहुँच बाहिर रहेका बालकालिकालाई विद्यालयमा ल्याउनलाई अभिभावकलाई सम्झाउने, बुझाउने, अपांग बाबालिकाहरुलाई पनि उसको घर नजिक पायक पर्ने विद्यालयमा ल्याउने लगायत लैंगिकमैत्री शिक्षाको अवधारण अनुसार नै अघि बढेका छौं र पालिकालाई बालश्रम मुक्त बनाउने गरी हामी लागेका छौं । यसमा म धन्यवाद दिन चाहन्छु आसमानका पालिका संयोजक नरेन्द्र पासवान ज्यूलाई, जो हाम्रो पालिकाको शिक्षामा सुधार ल्याउन अहोरात्र हातेमालो गरेर खट्नु भएको छ। निक शिक्षा दिअ परियोजनाले नगरको शिक्षामा व्यापक सुधार आएको छ, कति भनौं, भनि साध्य छैन् ।

**परियोजनाले गणेशमान चारनाथ नगरपालिकामा कस्तो कार्यहरु गरेको यहाँले पाउनु भएको छ ?**

अब यसमा भन्नु पर्दा यहाँ हाम्रो पालिकामा निक शिक्षा दिअ परियोजनाले २१ वटा सामुदायिक विद्यालय र २ वटा मदरसामा गुणस्तरीय शिक्षाका लागि अहोरात्र खटेको मैले पाएको छु । म नगर प्रमुखमा निर्वाचित भएर आएको पनि धेरै दिन भएको छैन् तर जति दिन भएछ, म प्रायः हरेक दिन शिक्षा र शैक्षिक सुधारको लागि कुनै न कुनै गतिविधिमा लागेको छु। यसका लागि आसमानका पासवान जी म पनि हामीसँगै लाग्नु भएको छ, अहिले पालिकको विद्यालयहरुमा पहिलाको तुलनामा व्यापक सुधार भएको मैलै पाएको छु ।

गणेशमान चारनाथ नगरपालिकामा जति पनि बालबालिकाहरु विद्यालयमा आउने उमेर समूह छन् र विभिन्न कारणले उनीहरु विद्यालयमा आउन सकेका थिएन् अब त्यस्तो छैन्, मैले आफै पनि यहाँको तथ्यांक हेरे, विद्यालयहरुमा अनुगमन गरे, प्रायः सबै बालबालिकाहरु विद्यालयमा आएका छन् । विद्यालयको भौतिक अवस्थामा पहिलाको भन्दा निकै सुधार पनि भएको छ। खानेपानी, सरसफाइ र चर्पीको अवस्थामा पनि सुधार भएको पाएको छु। तपाई पनि आएर एकचोटी कम्तिमा भिजिट गर्नुस न ।

**अहिले पनि केही बालबालिकाहरु विद्यालयमा जान सकेको छैन् किन होला ?**

हो, अब एकआध बालबालिका, केही कारणवस अहिले उमेर बढी भएका भनौं न १०/११ वर्षदेखि माथि र १८ वर्षमुनिका किशोर किशोरी विद्यालयमा आउन सकेको छैन्। उनीहरुलाई पनि ल्याउन के गर्नुपर्छ हामी लागेका छौं । कोहि बाहिर गएको छ, कोहि घरमा भेट्दै, जसको हामी खोजी गर्दै छौं, सबैलाई खोजी ल्याउँछौ र उनीहरुको उमेर अनुसार कुन कक्षा सुहाउँदा हुन्छ, त्यसमा भर्नाको प्रक्रिया थाल्छौं। अहिले हाम्रो पालिकामा ४२ जना ११ देखि १८ वर्ष बीचका बालबालिका र १८ जना अपांग बालबालिका छन्, जो विभिन्न कारणले विद्यालय बाहिर छन्, सब अलग अलग एरियामा छन् । अब उनीहरुलाई ल्याउने पर्ने हाम्रो सोँच रहेको छ। उनीहरुलाई उमेर अनुसार विद्यालयमा म्याच कसरी गर्ने कुन कक्षामा राख्ने वा छुट्टै कक्षाको व्यवस्था गर्ने भनेर शिक्षा विज्ञसँग छलफल गर्ने योजनामा लागेका छौं ।

**अधिकांश सामुदायिक विद्यालयहरुमा भौतिक अवस्था, खानेपानी, सरसफाइ र स्वच्छताको अभाव हुन्छ, यहाँको पालिकाको विद्यालयहरुको पनि त्यही अवस्था यहाँले पाउनु भएको हो ?**

हो, म यसै पालिकाको बासिन्दा छु, बरमझिया गाउँमा मेरो घर छ, यहाँको शिक्षा र विद्यालयहरुको विद्यार्थीको अवस्था, विद्यालयको भौतिक अवस्था, खानेपानी, सरसफाइको अवस्थाको प्रत्यक्षदर्शी र भुक्तभोगी पनि छु, तर अब भने त्यो अवस्था र परिवेश विल्कुलै फरक भईसकेको छ । टाढा जानु नै पर्दैन, यहि ३ र ४ वर्ष पहिलासम्म्म पनि जर्जरै अवस्था थियो । तर अहिले त्यो अवस्था अवस्था र परिवेश निक शिक्षा दिअ कार्यक्रमले फेरिएको छ। अहिले आएर हेर्नुस् गणेशमान चारनाथ नगरपालिकाका अधिकांश सामुदायिक विद्यालयमा धेरै परिवर्तन भएको छ । गुणस्तरीय शिक्षा देखि लिएर विद्यालयको भौतिक अवस्थादेखि लिएर खेलकुदको अवस्था, खानेपानी, सरसफाइ र स्वच्छताको अवस्थामा पनि व्यापक सुधार भएको छ, कमी छैन्। विद्यालय व्यवस्थापन समिति गठनको प्रक्रियामा पनि हामी अब्बल भएका छौं । तपाई आएर हेर्न सक्नुहुन्छ। तपाई लालबहादुर टोल डुमरियाको आधारभूत विद्यालयमा आएर यसको नमुना हेर्न सक्नुहुन्छ।

**अधिकांश सामदायिक विद्यालयमा राजनीति हुन्छ, विद्यालयका व्यवस्थापन समिति गठनमा त झन बढी नै राजनीति हुन्छ, यहाँको पालिकामा पनि त्यस्तो छ, पाउनुभएछ ?**

हो, तपाईले ठिक भन्नुभो, यहाँ पनि पहिला यस्तो समस्याहरु थियो तर अब त्यो समस्या कम हुँदै गएको छ। शिक्षा क्षेत्रलाई त सर्व प्रथम र ाजनीतिबाट टाढा नै राख्नु पर्छ । मेरो पनि मान्यता हो, शिक्षामा र ाजनीति हुनु हुँदैन् । जहाँ शिक्षामा राजनीति हुन्छ, त्यहाँ शिक्षा कदापि गुणस्तरीय र सिकाइमैत्री हुँदैन्। अहिले हाम्रो गणेशमान चारनाथ नगर पालिकाको कुनै पनि विद्यालयमा अब यस्तो अवस्था पाउनु हुन्न । एकआध बाहेक सबैमा सौहार्दपूर्ण वातारवाणमा व्यवस्थापन समिति र अन्य समितिहरु गठन भएको, शिक्षा र पठन पाठनमा व्यापक सुरधार आएको र गुणस्तरीय शिक्षाका लागि हामी प्रतिबद्ध छौं । प्रायः प्रत्येक विद्यालयका शिक्षकलाई कुनै पनि कुनै तालिममा सहभागी गराएका छौं र आसमान नेपालले तालिम दिएको छ । तालिम पाएर उहाँहरुको शिक्षण सीप र दक्षतामा पनि वृद्धि भएको छ। यसमा पनि निक शिक्षा



धनुषा : गणेशमान चारनाथ नगरपालिकाका मेयर जितनारायण यादव । फोटो खबर दर्पण

दिअ परियोजनाले अहम भूमिका खेलेको छ । गुणस्तरीय शिक्षामा आसमान र पासवान जीले **यहाँ गर्नुभएको कार्य र योगदानको जति पनि प्रशंसा गरे मलाई लाग्छ त्यो कमै हुन्छ ।**

**अब अगामी दिनमा शिक्षामा प्राप्त यी उपलब्धीहरुलाई कसर ी निरन्तरता कसरी दिनुहुन्छ ?**

हो, अब हामीले शिक्षा, स्वास्थ्य, खानेपानी र कृषिमा धेरै कार्य गर्नु पर्नेछ । यसका भएको उपलब्धीहरुलाई बचाउन, टिकाउन र अगामी दिनमा पनि यसको निरन्तरताका लागि हामीले योजना बनाएर कार्य गर्न सोचेका छौं। यसको लागि हामीले यस चालु आर्थिक वर्षको बजेटमा पनि शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ र कृषि क्षेत्रलाई बढी प्राथमिकता दिएका छौं । बाटोघाटो पिच गरेर मात्रै विकास हुँदैन् । सडकर बाटोघाटोको विकास एक वर्ष पछि धकेलेपनि फरक पर्दैन तर शिक्षाको विकास धकेलियो भने शिक्षा क्षेत्र मात्रै होइन, सारा क्षेत्र नै बर्वाद हुन्छ। किनकी मानिसको पढ्ने उमेर फर्केर आउँदैन्। हामीले अरु केही होइन शिक्षा, स्वास्थ्य, कृषिमा कार्य गर्न सक्यो भने मलाई लाग्न अन्य विकासको लागि सोच्नु नै पर्दैन्। पालिकामा कम बजेट भएर पनि हामीले यसपाली डेढ करोड बजेट शिक्षामै राखेको छु । शिक्षामा व्यापक सुधार गुणस्तरीय शिक्षामा थप वृद्धि विकासका लागि शिक्षक अभाव परिपूर्ति गर्न थप शिक्षकका लागि विज्ञापन पनि आह्वान गरेको छु, यसले पनि पक्कै शिक्षामा गुणस्तरीय थपिनेमा म विश्वस्त छु। पढाउने शिक्षककै अभाव भएपछि शैक्षिक स्तर वृद्धि हुन्छ भन्ने कल्पना पनि नगरे हुन्छ ।

**अब परियोजनाको अन्तिम समय पनि छ, कसरी अगाडी बढ्नुहुन्छ ?**

हो, सुन्दै छु परियोजनाको सम्झौता अवधी समाप्त हुन लागेको, परियोजनाले यो पालिकामा शिक्षा क्षेत्रमा विकास र सुधार तथा शैक्षिक गुणस्तरीयताका लागि जुन एउटा बेस बनाएको छ, यो कायमै रहनु पर्छ । शिक्षामा अवस्थाम सुधार गरेर आसमानका परियोजना र परियोजनाका कर्मचारीहरु हामीलाई ठूलै गुण लगाउनु भएको छ । परियोजना र कर्मचारीहरुको धेरै मेहनत र परिश्रमले हामी यहाँसम्म आएका छौं । यसको निरन्तरता पक्कै पनि हुनै पर्छ । यो परियोजना अवधी समाप्त हुँदैछ भनेर सुन्दा मलाई भनौ न एक किसिमले पिडा नै महसुस भइरहेको छ। यो अझै आवश्यक छ र चल्नु पर्छ। परियोजना थपिनु पर्छ, हामी फेरी पनि सहकार्य गर्न सम्बन्धित दातृ निकाय, आसामान नेपालसँग सहकार्य गर्न चाहन्छौ । यदि यस्तो भएन भने पालिकाबाटै हामीले बजेट र जनशक्ति व्यवस्थापन गरेर भएपनि यसलाई निरन्तरता चाँही दिन्छौ ।

# छोरीको प्रेमीलाई घरमा बोलाएर रामधुलाई

**खबर दर्पण समाचारदाता**

**साउन २५ गते, महेन्द्रनगर**

छोरीको प्रेमीलाई घरमा बोलाएर निर्घात कुटपिट गरेको आरोपमा दांग प्रहरीले दुईजनालाई पक्राउ गरेको छ ।

राजपुर गाउँपालिका ३ खरदरियाका १९ वर्षीय मन्साराम यादव कुटपिटबाट गम्भीर घाइते भएका छन्। उनको टाउको, हातखुट्टा, नाक र मुखमा गहिरो चोट लागेको छ। प्रहरीले कुटपिट गरेको अभियोगमा केटीका बुवा पाटेश्वर यादव र काका धिरजबहादुर यादवलाई पक्राउ गरिएको छ।

दाङका प्रहरी प्रमुख एसपी शुरेस काफ्लेले भागेकाहरूको पनि खोजी जारी रहेको बताए ।

प्रेम सम्बन्ध केटी पक्षकाले स्वीकार गर्न नसक्दा घटना हुन गएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। जनज्योति माध्यमिक विद्यालय बेलामा कक्षा १२ मा अध्ययनरत्त यादव सोही विद्यालयमा पढाउने शिक्षक पाटेश्वर यादवका छोरीसँग प्रेम गाँसेको भन्दै मन्सारामलाइ



बन्धक बनाएर कुटपिट गरेको उजुरी इलाका प्रहरी कार्यालय गढवामा परेको छ।

दुवैबीच प्रेम सम्बन्ध रहेको केटीका बाबुले थाह पाएपछि प्रहरीका अनुसार घरसल्लाह गरेर कुटपिटको योजना बनाएको रहस्य खुलेको छ। घाइते यादवको वेस्टर्न हस्पिटल नेपालगन्जमा उपचार भैरहेको छ। केटीका आफन्तले युवकलाई नक्कली चोर बनाएको कागजसमेत प्रहरीले बरामद गरेको छ।

# धनुषामा १२ हजारभन्दा बढी मतदाता थपिए

**खबर दर्पण समाचारदाता**

**साउन २५ गते, महेन्द्रनगर**
धनुषामा करिब डेढ महिनामा १२ हजार १९४ नयाँ मतदाता थपिएका छन् ।

निर्वाचन आयोगले असार १ गतेदेखि सुरु फोटोसहितको मतदाता नामावली संकलन गरेपछि निर्वाचनको मिति घोषणा भएको दिनसम्ममा सो संख्यामा नयाँ मतदाता थपिएका हुन् ।

जिल्ला प्रशासन कार्यालय, जिल्ला निर्वाचन कार्यालय र इलाका प्रशासन कार्यालय यदुकोहामा गरी तीन स्थानमा नामावली संकलनको काम थालिएको थियो ।

जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी कृष्णा राउतका अनुसार धनुषामा ६ हजार ९९८ पुरुष र ५ हजार १९ जना महिला नयाँ मतदाता थपिएका छन् ।

यस्तै जिल्ला बाहिरका ४५० नयाँ मतदाता थपिएका हुन् । अब रुजु भएर आएपछि मात्र नयाँ कति मतदाना पुगेको भन्न सकिने आयोगको कार्यालयले जनाएको छ । यसअघि गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा धनुषामा ४ लाख ६७ ३८८ मतदाता रहेका थिए ।

# पाँच महिनामै पुल निर्माण

**खबर दर्पण समाचारदाता**

**साउन २५ गते, बर्दिबास**
ठेक्का अवधिमा निर्माण हुन नसक्दा अहिले कयौं पुलहरु लथालिंङ अवस्थामा रहेको छ । तर महोत्तरीमा भने ५ महिनामै एउटा पुलको निर्माण पुरा भएको हो ।

पूर्वपश्चिम राजमार्गअन्तर्गत महोत्तरी बर्दिबास स्थित भपसी खोलामा पाँच महिनामै ५० मिटर लामो पुल निर्माण सम्पन्न गरिएको छ ।



ठेक्का लिएर पनि ठेक्केदार कम्पनीले लामो समयसम्म काम सम्पन्न नगर्ने प्रवृत्ति मौलाइरहेका बेला सुगम निर्माण सेवा कम्पनीले भने आर्थिक वर्ष २०७८/७९ को पाँच महिनाकै अवधिमा सो पुलको निर्माण सम्पन्न गरेको हो ।

सो पुल कुल रु दुई करोड ५० लाखको लागतमा निर्माण गरिएको छ । गत २०७८ मङ्सिरमा सम्झौता गरी पुसबाट पुल निर्माण सुरु गरेको र गत २०७९ वैशाखमा काम सम्पन्न गरेको सडक डिभिजन कार्यालय जनकपुरधामका प्रमुख ई सञ्जयकुमार मिश्रले जानकारी दिए ।

यस्तै धनुषा र महोत्तरी जिल्लालाई जोड्ने महत्वपूर्ण रातुखोलाको पुल पनि सम्झौता अवधिअगावै निर्माण सम्पन्न भएको छ । कुल रु १४ करोडको लागतमा पप्पु दिवा जेभी प्रालिले दुई सय मिटर लामो पुल निर्माण सम्पन्न गरेको प्रमुख मिश्रले बताए । आव २०७५/७६ मा सम्झौता भई २०७९ वैशाखमा निर्माण सम्पन्न गरेको हो ।

आव २०७८/७९ मा निर्माण सम्पन्न भएका यी दुवै पुलको गत २०७९ वैशाखमा तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवले उद्घाटन गरेका थिए ।

अत्यन्तै महत्वपूर्ण मानिएको दुवै पुल निर्माणसँगै यातायात आवागमनमा सहजता भएको स्थानीयले बताएका छन् ।

# ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाको वार्षिक कार्यक्रम सार्वजानिकीरण



**विजय साह**

**साउन २५ गते, ढल्केवर**
ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना आर्थिक करिडोर बर्दिवास महोत्तरीले चालू आर्थिक वर्ष २०७९/०८० को योजनाहरु सार्वजनिक गरेको छ । मङ्लबार धनुषाको नकटाझिजमा एक कार्यक्रम गरी आयोजनाले चालू आर्थिक वर्षमा गर्ने कामका बारेमा सार्वजनिक गरेको हो ।

कार्यक्रममा आर्थिक करिडोर बर्दिवासका कार्यालयका प्रमुख डा. माहादेवप्रसाद पौडेलले आर्थिक करिडोरअन्तर्गत पर्ने मधेश प्रदेशको विभिन्न १० स्थानमा जलाधार पूर्वाधार निर्माण गर्न पाँच करोड, १० वटा स्थानीय तहको ३० स्थानमा कृषि सेवा केन्द्र निर्माण गर्न १० करोड र मागमा आधारित साना सिँचाई पूर्वाधार निर्माण गर्न दुइ करोड ७० लाख रुपियाँ बजेट छुट्टयाइको बताउनुभयो ।

आयोजनाले ग्रामीण उद्यमशीलता विकासलाई प्रोत्साहित गर्न आर्थिक कोरिडोर क्षेत्रका साना कृषि उत्पादक तथा खरिदकर्ताहरूबिच उत्पादनमूलक साझेदारी, बजार सम्बन्धको विकासमार्फत बजार पहुँच सुदृढ गर्न सहजीकरण गर्नेछ । आयोजनाले हुलाकी तथा पूर्व(पश्चिम राजमार्गले छोएको मधेश प्रदेशको ८४ वटा स्थानीय तहलाई आर्थिक करिडोरअन्तर्गत समावेश गरेको छ ।

कार्यालय प्रमुख पौडेलले आयोजनाको बारेमा जानकारी दिनुहुँदै भन्नुभयो, नेपाल सरकार र अन्तराष्ट्रिय विकास संघ (आईडिए) बीच २०७७ पुस ६ गते सम्झोता भई कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत यो कार्यक्रम कार्यान्वयनमा आएको छ । विश्व बैंकको सहुलियतपूर्ण ऋण सहयोगमा पाँच वर्षका लागि सञ्चालन हुने यस आयोजनाले ग्रामीण उद्यमशिलता विकासलाई प्रोत्साहन गर्नका लागि छ वटा प्रदेशका पाँच वटा प्रमुख आर्थिक कोरिडोर क्षेत्रका साना कृषि उत्पादनको बजार पहुँच गर्नका लागि साना उत्पादक समूह, सहकारी, संघ तथा मध्यस्तकर्ता उद्यमीबीच उत्पादनमुलक साझेदारी तथा बजार सम्बन्धको विकासमा सहजीकरण गर्ने छ । आयोजनाले कृषि उपजको मूल्य शृंखला विकास र उद्यमशिलता विकासका लागि आवश्यक वातावरण निर्माण गर्न पनि सहयोग पुऱ्याउने छ ।

अनुदानमार्फत उत्पादनमुलक साझेदारी तथा मागमा आधारित साना कृषि बजार केन्द्र, मूल्य श्रृखलासम्बन्धी आधारभूत संरचना, प्रादेशिक बजारको साथै उत्कृष्ट कृषि केन्द्र निर्माणमा लगानी उद्देश्य आयोजनाको छ, उहाँले भन्नुभयो ।

कार्यक्रममा मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयकी सचिव डा. नम्रता सिंहले कृषि क्षेत्रको विकास गर्न अनुदानमा आधारित कार्यालयबीच समन्वय हुनुपर्ने बताउनुभयो । एकै प्रवृतिको काम अगल(अगल कार्यालयले गर्ने हुँदा कुनै किसानले पटक(पटक अनुदानको सुविधा पाउने र कुनै(कुनै किसान रित्तो हुनुपर्ने अवस्थाको अन्त्य गर्न किसान लक्षित कार्यालयबीच समन्वय हुनु आवश्यक भएको जानकारी दिनुभयो ।

## झाडापखाला सम्बन्धी जनचेतना मुलक सूचना ।

**झाडापखाला सम्बन्धी जनचेतना मुलक सूचना ।**

दिनमा ३ पटक भन्दा बढी दिशा लाग्नु । वान्ता हुनु । शरीरमा पानीको मात्रा कम हुँदै जानु । आँखा गड्ने । पिसाब थोरै हुने । बिरामी शिथिल हुँदै जाने । बच्चाले दूध चुस्न नसक्ने ।

**झाडापखाला लागेमा रोकथामका उपायहरु :**

- पुनर्जलीय झोल बनाएर खाने ।
- उमालेको पानी, भातको माड, दालको रस, गेडागुडी वा तरकारीको रस प्रशस्त मात्रामा खाने ।
- स्तनपान गराइरहेको शिशूलाई झाडापखाला भएमा धेरै पटक स्तनपान गराउने ।
- पाँच वर्ष मुनिका बालबालिकालाई स्वास्थकर्मीको सल्लाहमा पुनर्जलीय झोलसँगै जिङ्क चक्की खुवाउने ।
- पुनर्जलीय झोल खुवाउँदा पनि झाडापखाला निको नभएमा स्वास्थसंस्थामा लैजानुपर्छ ।
- रोगलागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु उत्तम मानिन्छ । स्वास्थ र सरसफाइमा ध्यान दिएमा झाडापखाला लाग्नबाट बच्न सकिन्छ ।

*यस्ता लक्षण देखिनु झाडापखालाको लक्षण हो । झाडापखाला भएका बिरामीले समयमा उपचार नपाएमा बिरामीको मृत्यु समेत हुनसक्छ । त्यसैले झाडापखाला लागेमा उपचार गर्नुपर्छ । झाडापखालाको उपचार घरमै पनि गर्न सकिन्छ ।*


**झाडापखाला लाग्नबाट कसरी बच्ने ?**

- साबुन पानीले मिचिमिचि हात धुने बानी बसाल्ने ।
- राम्ररी पाकेको खानेकुरा खाने ।
- ताजा खानेकुरा मात्र खाने ।
- खानेकुरालाई झिंगा, धुलोबाट सुरक्षित राख्ने ।
- काँचै खाने तरकारी तथा फलफूल राम्रोसँग पकाएर खाने ।
- पानी शुद्धिकरण गरेर मात्रै पिउने ।
- शौचायलमा मात्र दिसापिशाब गर्ने ।
- फोहरमैलालाई उचित तरिकाले विसर्जन गर्ने ।

**नवराजपुर नगरपालिका**
सिरहा

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२०    प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५

रूफटप होटल एण्ड गेष्ट हाउस
मिटिङ्ग हल, पार्टी पैलेश
गौशाला नगरपालिका- २, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)



यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।

**जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गर्नु सबै सचेत नागरिकको कर्तव्य हो**

**गणेशमान चारनाथ नगरपालिका**
विरेन्द्रबजार, धनुषा

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा